# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) विराटनगर, नेपाल, माघ ०६ गते, २०८० साल (अतिरिक्ताङ्क २६


## भाग १

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

### संवत् २०८० सालको अध्यादेश नं. ७

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

# केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८०

**प्रस्तावनाः** प्रचलित केही प्रदेश ऐनलाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल प्रदेश सभाको अधिवेशन चलिरहेको अवस्था नभएकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस अध्यादेशको नाम "**केही प्रदेश ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८०**" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ मा संशोधनः-** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) "**पदाधिकारी**" भन्नाले सभामुख, उपसभामुख, प्रदेश सभाको वाहालवाल सदस्य रहेको पूर्व मुख्यमन्त्री,प्रमुख प्रतिपक्षी दलको नेता, सत्ता पक्षको प्रमुख सचेतक, प्रमुख प्रतिपक्षी दलको प्रमुख सचेतक, प्रतिपक्षी दलको नेता, सरकारमा सहभागी रहेका दलहरुका संसदीय दलको नेता, सत्तापक्ष दलको सचेतक र प्रदेश सभाका समितिका सभापति समेतलाई सम्झनु पर्छ ।"

३. **कोशी प्रदेश वातावरण संरक्षण ऐन, २०७६मा संशोधनः-** कोशी प्रदेश वातावरण संरक्षण ऐन, २०७६ को,-

(१) दफा २ कोखण्ड (त) र (फ) को सट्टा देहायको खण्ड (त) र (फ) को राखिएको छः-



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

"(त)"**पूरक वातावरणीय अध्ययन**"भन्नाले एकपटक स्वीकृत भइसकेको वातावरणीय अध्ययन प्रतिवेदन सम्वन्धी प्रस्तावको आंशिक वा पूर्ण रुपमा भौतिक पूर्वाधार, डिजाइन वा स्वरुप परिमार्जन गर्न, संरचना स्थानान्तरण वा फेरबदल गर्न, वन क्षेत्र थप गर्न वा आयोजनाको क्षमता वा पूँजी वृद्धि गर्न वा स्थानान्तरण गर्न वा उद्देश्य परिवर्तन गर्नको लागि पेश भएको प्रस्ताव उपर पुनः गरिने वातावरणीय अध्ययन सम्झनुपर्छ।

(फ)"**सम्बन्धित निकाय**"भन्नाले वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा कारवाही र निर्णय गर्ने दफा ३ को उपदफा (२) र (३) बमोजिमको निकाय सम्झनु पर्छ।"

(२) दफा ३ कोउपदफा (२) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थप गरिएको छः-

"तर, वातावरणीय प्रभाव मूल्याङ्कन र प्रदेश भित्रको राष्ट्रिय वन क्षेत्रमा कार्यान्वयन हुने एवं वन पैदावार सम्वन्धी कच्चा पदार्थ प्रयोग हुने उद्योग वा आयोजनासँग सम्वन्धित प्रस्ताव बाहेक संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षणसँग सम्वन्धित प्रस्ताव सम्वन्धित मन्त्रालयले स्वीकृत गर्न सक्ने गरी मन्त्रालयले अधिकार प्रत्यायोजन गर्न सक्नेछ।"

(३) दफा ७ को "यो" भन्ने शब्द अघि "(१)" भन्ने अङ्क थप गरी उक्त उपदफा (१) पछि देहायको उपदफा (२) थप गरिएको छः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

"(२) यो ऐन प्रारम्भ हुनु अघि सञ्चालनमा रहेका तोकिए बमोजिमका उद्योगले स्वीकृत भएको वातावरणीय अध्ययन प्रतिवेदनको एक प्रति मन्त्रालयमा पेश गर्नु पर्नेछ।"

(४) दफा ८ को उपदफा (२) पछि देहायको उपदफाहरु थप गरिएका छनः-

"(३) समितिले आवश्यक परेको जुनसुकै समयमा प्रचलित कानून बमोजिमको सुविधा पाउने गरी बैठक सञ्चालन गर्न सक्नेछ ।

(४)समितिको बैठक सञ्चालन सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।"

(५) दफा १० को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखी सो पछि उपदफा (६) र (७) थप गरिएका छनः-

"(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वातावरणीय अध्ययन गर्नु नपर्ने उद्योग वा आयोजनाको हकमा मन्त्रालयले निर्धारण गरेको ढाँचामा सम्वन्धित उद्योग वा आयोजना सञ्चालकले वातावरण व्यवस्थापन योजना तयार गरी स्वीकृतिका लागि उद्योग दर्ता गर्ने वा आयोजना कार्यान्वयन गर्ने निकायमा पेश गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम स्वीकृतिका लागि पेश भएको वातावरण व्यवस्थापन योजनालाई उद्योग दर्ता गर्ने वा आयोजना कार्यान्वयन गर्ने निकायले पन्ध्र दिन भित्र कारण सहित स्वीकृत वा अस्वीकृत गरी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

सोको जानकारी मन्त्रालय र प्रस्तावकलाई दिनु पर्नेछ।

(७) उपदफा (५) बमोजिम पेश भई उपदफा (६) बमोजिम स्वीकृत भएको वातावरण व्यवस्थापन योजना अनुसार उद्योग वा आयोजना सञ्चालन गर्नु सम्वन्धित उद्योग वा आयोजना सञ्चालकको कर्तब्य हुनेछ।"

(६) दफा ११ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) दफा ९ बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएका प्रस्तावको देहायको अवस्थामा वातावरणमा प्रतिकूल प्रभाव पर्ने वा नपर्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्न सकिने वा नसकिने सम्बन्धमा यकिन गर्न प्रस्तावकले प्रस्तावको पूरक वातावरणीय अध्ययन गराउनु पर्नेछः-

(क) भौतिक पूर्वाधार, डिजाइन वा स्वरुप परिमार्जन वा परिवर्तन गर्नु परेमा,

(ख) संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा,

(ग) वन क्षेत्र थप गर्नु परेमा,

(घ) उद्योग वा आयोजनाको क्षमता वा पूँजी वृद्धि वा उद्देश्य थप वा स्थानान्तरण गर्नु परेमा।"

(७) दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

"१२. <u>सेवा सुरु भएपछि वातावरणीय परीक्षण गर्नेः</u> (१) मन्त्रालय वा सम्वन्धित निकायले यस ऐन बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रस्तावको कार्यान्वयन सुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण सुरु गरेको दुई बर्ष भुक्तान भएको मितिले छ महिनाभित्र त्यस्तो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकूल प्रभाव, त्यस्ता प्रभावलाई कम गर्न अपनाएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा आँकलन नै नभएको प्रतिकूल प्रभाव उत्पन्न भएकोमा सो समेतको विश्लेषण गरी वातावरणीय परीक्षण प्रतिवेदन अद्यावधिक रुपमा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वातावरणीय परीक्षण प्रतिवेदन सम्वन्धमा सम्वन्धित निकायसँग समन्वय गरी मन्त्रालय वा तोकिएको निकायले आवश्यक अध्ययन गरी वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न अपनाइएको उपाय पर्याप्त भएको नदेखेमा त्यस्तो प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्न प्रस्तावकलाई उपयुक्त आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम मन्त्रालय वा तोकिएको निकायले दिएको आदेश कार्यान्वयन गर्नु प्रस्तावकको कर्तब्य हुनेछ।"

(८) दफा २७ को उपदफा (४) मा "निरीक्षकले" भन्ने शब्दपछि रहेका "तत्काल संघीय ऐनको दफा २२ को उपदफा (४) मा तोकिए बमोजिमको जरिवाना गर्न

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

सक्नेछ" भन्ने शब्दहरुको सट्टा "वातावरण सम्बन्धी प्रचलित नेपाल कानूनमा भएको व्यवस्था बमोजिम जरिवाना गर्न सक्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

(९) दफा ३९ को खण्ड (ङ) को "निर्देशिका" भन्ने शब्द पछि "तथा" थप गरी "कार्यविधि" भन्ने शब्द पछिका "तथा मापदण्ड" भन्ने शब्दहरु झिकिएका छन्।

(१०) दफा ४० को उपदफा (५) मा "कार्यविधि" भन्ने शब्द पछि रहेको "तथा मापदण्ड" भन्ने शब्दहरु झिकी "निर्देशिका" भन्ने शब्द पछि "तथा" भन्ने शब्द राखिएको छ।

(११) दफा ४० को उपदफा (९) को सट्टा देहायको उपदफा (९) राखिएको छः-

"(९) यस ऐन बमोजिमको कसूरमा एक पटक जरिवाना भईसके पश्चात पुनः सोही प्रकृतिको कसूर गरेमा प्रत्येक पटकका लागि यस दफा बमोजिम हुने जरिवानाको दोब्बर जरिवाना हुनेछ ।"

(१२) दफा ४१ को उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) राखिएको छः-

"(१) दफा ३९ को खण्ड (घ) र (च) बमोजिम दिएको आदेश बमोजिमको कार्य नभएमा वा मापदण्ड पूरा गर्न तथा फोहोरमैलाको व्यवस्थापन गर्न आदेश दिदा आदेश बमोजिमको कार्य नगरेमा त्यस्तो व्यक्ति, संस्था वा समूहलाई मन्त्रालयले एक बर्षदेखि पाँच बर्षसम्म कालोसूचीमा राखी सार्वजनिक सञ्चार माध्यम मार्फत सोको विवरण सार्वजनिक गर्नु पर्नेछ।"



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले दिएको आदेश कार्यान्वयन नभएको विषयमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी उपदफा (१) बमोजिमको कारवाही गर्नेछ।"

(१३) दफा ४१ को उपदफा (३) मा रहेका "उपदफा (२) बमोजिम" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

(१४) दफा ४८ को,-

(१) उपदफा (१) को "मन्त्रालय" भन्ने शब्दपछि रहेका "वा सम्वन्धित निकाय वा तोकिएको निकाय" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम मन्त्रालयले अनुगमन गर्दा देहाय बमोजिमको संयोजक र सदस्यहरु रहने गरी अनुगमन टोली गठन गर्नु पर्नेछः-

(क) मन्त्रालयको वातावरण क्षेत्र हेर्ने महाशाखा प्रमुख - संयोजक

(ख) वातावरणीय अध्ययन मूल्याङ्कन तथा सिफारिस समितिका सदस्यहरु - सदस्य

(ग) प्रस्तावसँग सम्वन्धित निकायको अधिकृत प्रतिनिधि, - सदस्य

(घ) विषय विज्ञ प्राविधिक - सदस्य

(ङ) वातावरण विज्ञ - सदस्य



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(च) प्रस्ताव कार्यान्वयन भएको क्षेत्रको स्थानीय तहको प्रतिनिधि -सदस्य

(छ) वातावरण शाखाको अधिकृत प्रतिनिधि - सदस्य सचिव"

(३) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (२) बमोजिमको अनुगमन टोलीले गरेको अनुगमन तथा निरीक्षणको प्रतिवेदन निरीक्षण गरेको सात दिन भित्रमा मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।"

(४) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) मन्त्रालयबाट गरिने अनुगमन तथा निरीक्षण सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

(१५) दफा ५१ को "निरीक्षक" भन्ने शब्दपछि "लाई" भन्ने शब्द थप गरी "वा" भन्ने शब्दको सट्टामा "र" भन्ने शब्द राखिएको छ ।

(१६) दफा ५५ को सट्टा देहायको दफा ५५ राखिएको छः-

"**५५. कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेः**यस ऐनका विभिन्न दफामा प्रदेश सरकारले जारी गर्ने भनी उल्लेख भएका विषयदेखी बाहेकका विषयमा यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही मन्त्रालयले आवश्यक मापदण्ड, कार्यविधि तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(१७) <u>**रुपान्तरः**</u> मूल ऐनको ठाउँ ठाउँमा रहेका "प्रतिकूल" भन्ने शब्दलाई "उल्लेखनीय प्रतिकूल", "आयोजना" भन्ने शब्दलाई "उद्योग वा आयोजना", "कोशी प्रदेश प्रदेश" भन्ने शब्दहरुको सट्टा "कोशी प्रदेश" र "व्यवस्थापन योजना" भन्ने शब्दहरुलाई "वातावरणीय व्यवस्थापन योजना" भन्ने शब्दहरुमा रुपान्तर गरिएको छ।

४. <u>**प्रदेश सहकारी ऐन, २०७६ मा संशोधनः**</u> प्रदेश सहकारी ऐन, २०७६ को,-

(१) दफा ३ को उपदफा (३) पछी देहायको उपदफा (३क) थप गरिएको छः-

"(३क) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि महानगरपालिका र उपमहानगरपालिका क्षेत्रमा बचत तथा ऋणको कारोवार गर्ने संस्था गठन गर्दा कम्तिमा एक सय जना नेपाली नागरिकको सहभागिता हुनुपर्नेछ ।"

(२) दफा १३ को-,

(१) उपदफा (१) मा रहेको **"दर्ता प्रमाणपत्र दिनुपर्नेछः-"** भन्ने शब्दहरु पछाडी देहायका खण्डहरु थप गरिएका छन्ः-

(क) दर्खास्त साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रहेको,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ख) प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप संचालन हुन सक्ने आधार रहेको,

(ग) सहकारी संस्था समुदायमा आधारित एवम सदस्य केन्द्रित भई संचालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको,

(घ) तोकिए बमोजिमका अन्य आधारहरू पूरा भएको।

(२) उपदफा (६) पछाडी देहायको उपदफा (७) थप गरिएको छः

"(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पालिकाहरुको हकमा तोकिएको मापदण्ड बमोजिम बचत तथा ऋण सहकारी संस्था दर्ता गरिनेछ।"

(३) दफा १४ को उपदफा (३) र (४) खारेज गरिएको छ।

(४) दफा १५ को उपदफा (६) खारेज गरिएको छ।

(५) दफा १६ को-,

(१) उपदफा (५) मा रहेको "वा प्रचलित ऐन अनुसार" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपदफा (६) को खण्ड (क), (ख), (ग) र (घ) मा रहेका "प्रदेश," भन्ने शब्दहरू झिकिएका छन्।

(६) दफा १८ को-,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(१) उपदफा (१) को पहिलो हरफमा रहेको "संस्था" भन्ने शब्दको पछाडी "र त्यस्तो संस्थाको हित प्रवर्द्धनका लागि गठन हुने संघ" भन्ने शब्दहरू थप गरिएको छ।

(२) उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) को विभिन्न ठाँउमा रहेका "संस्था" भन्ने शब्दहरुको पछाडी "वा संघ" भन्ने शब्दहरू थप गरिएका छन्।

(३) उपदफा (२) को पछाडी देहायको उपदफा (३) र (४) थप गरिएको छः

"(३) उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) मा उल्लेखित विषयमा विशिष्टिकरण, आम प्रचलन र अभ्यासको विकासक्रम समेतका आधारमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी थप विषय तोक्न सक्नेछ।"

"(४) संघको वर्गीकरण देहाय बमोजिम हुनेछः-

(क) उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) मा उल्लिखित विषय विशेषका विषयगत जिल्ला र प्रदेश संघहरु,

(ख) उपदफा (१) कोखण्ड (ङ) मा उल्लिखित बहुउद्देश्यीय जिल्ला र प्रदेश संघ,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ग) जिल्ला र प्रदेश सहकारी संघहरू,

(घ) विशिष्टिकृत संघहरू ।"

(७) दफा १९ को उपदफा (१) मा रहेको "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरू बाहेक अन्य विषयगत वा वहुउद्देश्यीय" भन्ने शब्दहरू झिकिएका छन्।

(८) दफा २५ को उपदफा (२) को सट्टामा देहायको उपदफा (२) राखिएको छ।

"(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित सहकारी संस्थाको साधारणसभाले स्वीकृत गरे पछी लागू हुनेछ।"

(९) दफा २६ को उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) राखिएको छः-

"(१) सहकारी संस्थाको साधारणसभाको कूल सदस्य संख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन/ पुनर्लेखन हुन सक्नेछ।"

"(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकारप्राप्त अधिकारीबाट स्वीकृत भएपछी लागू हुनेछ।"

(१०) दफा ४२ को उपदफा (१) को खण्ड (क), (ख) र (घ) मा रहेका "ठहर" भन्ने शब्दहरू झिकिएका छन।

(११) दफा ४७ को उपदफा (३) मा रहेको "सम्बन्धित संस्था" भन्ने शब्दहरू पछाडी "को कार्यविधि" भन्ने शब्दहरू थप गरिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(१२) दफा ५८ को उपदफा (३) खारेज गरिएको छ।

(१३) दफा ६२ को उपदफा (२) मा रहेका "निर्देशन दिन सक्नेछ।" भन्ने शब्दहरूको पछाडी रहेका "थप भएको एक महिना भित्रमा पनि लेखापरीक्षण नगराएमा त्यस्ता संस्थालाई पचास हजारसम्म जरिवाना गरी रजिष्ट्रारले त्यस्तो संस्थाको लेखापरीक्षण थप एक महिना भित्र इजाजतप्राप्त लेखापरीक्षकबाट गराउन निर्देशन दिन सक्नेछ।" भन्ने शब्दहरू झिकिएका छन।

(१४) दफा ७२ को उपदफा (१) मा रहेका "एक भन्दा बढी स्थानीय तहमा क्षेत्राधिकार भएको" भन्ने शब्दहरू झिकिएका छन।

(१५) दफा ७३ को उपदफा ४ र ६ मा रहेका "समितिले" भन्ने शब्दहरूको सट्टामा "रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकारप्राप्त अधिकारीले" भन्ने शब्दहरू राखिएका छन्।

(१६) दफा ९६ को-,

(१) उपदफा (१) को सट्टामा देहायको उपदफा (१) राखिएको छः-

"(१) यस ऐन बमोजिम कुनै संस्था वा संघलाई समस्याग्रस्त संस्था वा संघको रूपमा घोषणा गरिएकोमा त्यस्तो संस्था वा संघको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न प्रदेश सरकारले देहाय बमोजिमका अध्यक्ष र सदस्य रहने गरी एक व्यवस्थापन समितिको गठन गर्न सक्नेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(क) कानून क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव भएका कानूनविद मध्येबाट प्रदेश सरकारले नियुक्त गरेको व्यक्ती -अध्यक्ष

(ख) सहकारी क्षेत्रमा कम्तिमा दश बर्षको अनुभव प्राप्त गरेका व्यक्तिहरू मध्येबाट प्रदेश सहकारी संघले तोकेको एक जना व्यक्ति -सदस्य

(ग) प्रशासन वा सुरक्षा वा अनुसन्धानका क्षेत्रमा कम्तिमा राजपत्राङ्कित द्धितिय श्रेणीमा कम्तिमा पाँच वर्षको अनुभव प्राप्त भएको व्यक्तिहरु मध्येबाट प्रदेश सरकारबाट मनोनित एक जना व्यक्ति - सदस्य

(घ) लेखा विशेषज्ञहरु मध्येबाट प्रदेश सरकारबाट मनोनित एक जना व्यक्ति -सदस्य

(ङ) प्रदेश सरकारले तोकेको सातौं /आठौं तह वा सो सरहको अधिकृत -सदस्य सचिव

(२) उपदफा (२) मा रहेका "अध्यक्ष र सदस्य सचिव बाहेक खण्ड (ख) र (ग) बमोजिम" भन्ने शब्दहरूको सट्टामा "सदस्य सचिव बाहेक" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (३) मा रहेको "व्यवस्थापन समितिको" भन्ने शब्दहरूको पछाडी "अध्यक्ष तथा" भन्ने शब्दहरू थप गरिएका छन्।

(४) उपदफा (४) मा रहेको "व्यवस्थापन समितिको" भन्ने शब्दहरूको पछाडी "अध्यक्ष तथा" भन्ने शब्दहरू थप गरिएका छन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(१७) दफा १०९ को उपदफा (२) पछि देहायको उपदफा (३) थप गरिएको छः

"(३) व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्य पूरा समय काम गर्ने पदाधिकारी हुनेछन।"

५. **<u>प्रदेश भवन ऐन, २०७६ मा संशोधनः</u>** प्रदेश भवन ऐन, २०७६ को,-

**(१)** दफा २ को खण्ड "ख" को सट्टामा देहायको खण्ड "ख" राखिएको छ,-

"(ख) "भवन संहिता" भन्नाले दफा ५ को उपदफा (१) र (२) बमोजिम प्रदेश सरकारबाट स्वीकृत प्रदेश भवन संहितालाई सम्झनु पर्छ र सो शव्दले नेपाल सरकारबाट जारी भएको राष्ट्रिय भवन संहिता समेतलाई जनाउँदछ।"

**(२)** दफा २ को खण्ड "ट" पछि देहायको खण्ठ "ठ" राखिएको छ,-

"(ठ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावलीमा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनु पर्छ।"

**(३)** दफा ३ को,-

मूल ऐनमा "......... स्थानीय तहले" भन्दा पछि रहेको "दफा ४ बमोजिम" भन्ने शब्दहरुको सट्टामा "दफा ४ को उपदफा (२) बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

**(४)** दफा ४ सट्टामा देहायको दफा ४ राखिएको छ,-

“४. **<u>भवनको वर्गीकरणः</u>** (१) प्रादेशिक भवन संहिताको तर्जुमा एवं कार्यान्वय गर्ने प्रयोजनका लागि भवनलाई “क”,”ख”,”ग“ र “घ” गरी चार वर्गमा वर्गीकरण गरिनेछ।

(२) उपदफा (१) बमोजिम "क" वर्ग अन्तर्गत देहाय बमोजिमका भवन संरचना पर्दछन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(क) विकसित मुलुकमा अपनाइएका भवन संहिता समेतको अनुसरण गरी इण्टरनेशनल स्टेट अफ आर्टमा आधारित हुने गरी बनाइने अत्याधुनिक भवन संरचना,

(ख) व्यवसायिक, व्यापारिक, औद्योगीक एवं सेवामुलक प्रयोजनका लागि प्लिन्थ एरिया तीन हजार वर्ग फिट वा सो भन्दा बढी भएका भवन संरचना,

(ग) भुईतलासहित सात तला वा सो भन्दा बढी उचाई भएका भवन संरचना,

(घ) पचास परिवार वा सो भन्दा बढीको लागि निर्माण गरिने संयुक्त आवास संरचना

(ङ) पच्चीस वा सो भन्दा बढी सैया क्षमता भएको अस्पताल संरचना,

(च) एक हजार पाँच सय विद्यार्थी वा सो भन्दा बढी संख्यामा विद्यार्थी अटाउने क्षमता भएको विद्यालय वा क्यापसको संरचना,

(छ) एक हजार वा सो भन्दा बढी मानिस अटाउने क्षमता भएको सभागृह निर्माण सम्बन्धी संरचना,

(ज) पच्चीस मिटर वा सो भन्दा बढी उचाई भएको वा एक पटकमा एक सय जना वा सो भन्दा धेरै मानिस अटाउन सक्ने भ्यु टावर,

(झ) दुई हजार वर्गफिट वा सो भन्दा धेरै प्लिन्थ एरिया भएको संग्रहालय,

(ञ) एक हजार जना वा सो भन्दा बढी मानिस अटाउन सक्ने क्षमता भएको थिएटर हल वा दुई हजार जना वा सो भन्दा बढी मानिस अटाउन सक्ने क्षमता भएको रंगशाला,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(३) उपदफा (१) बमोजिम "ख" वर्ग अन्तर्गत प्लिन्थ एरिया एक हजार वर्ग फिटभन्दा बढी भएका वा भुईँतलासहित तीन देखि सात तला सम्म भएका वा स्ट्रक्चरल स्पान चार दशमलव पाँच मिटर भन्दा बढी भएका र "क" वर्गमा नसमेटीएका भवन तथा अन्य स्टीलका संरचनाहरू पर्दछन्।

(४) उपदफा (१) बमोजिम "ग" वर्ग अन्तर्गत प्लिन्थ एरिया एक हजार वर्ग फिटसम्म भएका वा भुईँतलासहित तीन तलासम्म भएका वा स्ट्रक्चरल स्पान चार दशमलव पाँच मिटरसम्म भएका र "क" तथा "ख" वर्गमा नसमेटिएका भवनहरू यस वर्गमा पर्दछन्।

(५) उपदफा (१) बमोजिम "घ" वर्ग अन्तर्गत "क", "ख" र "ग" वर्गमा नसमेटिएका काँचो वा पाको ईटा, ढुंगा, माटो, बाँस, खर आदि प्रयोग गरी दुई तलासम्म बनाइने साना घर तथा छाप्राहरू यस वर्गमा पर्दछन्।"

**(५)** दफा ५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यस ऐनको दफा १४ वमोजिम गठित समितिले दफा ४ अनुसार भवनको वर्गीकरण समेतका आधारमा प्रादेशिक भवन संहिता स्वीकृत गरि लागु गर्न सक्नेछ।"

**(६)** दफा ५ को उपदफा (६) पछि देहायको उपदफा (७) र उपदफा (८) थप गरिएको छः-

"(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रादेशिक भवन संहिता जारी नभएसम्म नेपाल सरकारले जारी गरेको भवन संहिता बमोजिम गर्नुपर्नेछ।

(८) भवन संहिता कार्यान्वयन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।"



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

**(७)** दफा ८ को सट्टामा देहायको दफा ८ राखिएको छः-

"८. **<u>भवन डिजाइन गर्ने व्यक्तिको योग्यताः</u>** (१) देहायको योग्यता भएको व्यक्ति भवन वा संरचना डिजाइन गर्ने कार्यको लागि योग्य हुनेछः-

(क) "क" वर्गको भवन वा संरचनाको डिजाइन गर्न मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल, आर्किटेक्चर वा सो सरह इन्जिनियरिङ विषयमा स्नातक उपाधि हासिल गरी नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भई भवन तथा संरचना डिजाइनको क्षेत्रमा कम्तीमा पाँच वर्ष अनुभव प्राप्त गरेको हुनुपर्नेछ।

तर, स्ट्रक्चरल डिजाइनको हकमा स्ट्रक्चर वा अर्थक्वेक इन्जिनियरिङमा स्नातकोत्तर उपाधि हासिल गरेको हुनुपर्नेछ।

(ख) "ख" वर्गको भवन वा संरचनाको डिजाइन गर्न मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ वा आर्किटेक्चर विषयमा स्नातक उपाधि हासिल गरी नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भई भवन वा संरचना डिजाइनको क्षेत्रमा कम्तीमा तीन वर्ष अनुभव प्राप्त गरेको हुनुपर्नेछ।

(ग) "ग" वर्गको भवन वा संरचनाको डिजाइन गर्न मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ वा आर्किटेक्चर विषयमा स्नातक उपाधि हासिल गरी नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भई डिजाइनको क्षेत्रमा कम्तीमा एक वर्ष अनुभव प्राप्त गरेको हुनुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(घ) "घ" वर्गको भवन वा संरचनाको डिजाइन गर्न मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ वा आर्किटेक्चरमा प्रविणता प्रमाणपत्र तह(सब-इन्जिनियर) वा सो सरह उत्तीर्ण गरी डिजाइनको क्षेत्रमा कम्तीमा एक वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि भवन वा संरचनाको प्रकृति हेरी भवन वा संरचना निर्माण गर्न अनुमति दिने निकायले थप योग्यता निर्धारण गर्न सक्नेछ।"

**(८)** दफा ८ पछि देहायको दफा ८क थप गरिएको छः-

"**८क.** <u>स्टान्डर्ड ड्रइङ्गस तयार गर्नुपर्ने:</u> (१) मन्त्रालयले भवन डिजाइन तथा निर्माण गर्दा आवश्यक पर्ने मुख्य मुख्य विषयहरुलाई समेटि स्टान्डर्ड ड्रइङ्गस (Standard Drawings) तयार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएका स्टान्डर्ड ड्रइङ्गस (Standard Drawings) भवन निर्माण निर्देशिकाको रूपमा विकसित गरी कार्यान्वयन गराउन सकिनेछ।

(३) स्टान्डर्ड ड्रइङ्गस (Standard Drawings) सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

**(९)** ऐनको दफा ८क पछि देहायको दफा ८ख थप गरिएको छः-

"८ख. <u>डिजाइन म्यानुअल(Design Manual) तयार गर्नुपर्ने:</u> (१) मन्त्रालयले भवन संरचनाको डिजाइन तथा निर्माण कार्यमा सहजताको लागि नेपाल राष्ट्रिय भवन संहिता (NBC) को भवन डिजाइन कोड श्रृङ्खलाहरुको सही कार्यान्वयन हुने गरी डिजाइन म्यानुअल तयार गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(२) उपदफा (१) बमोजिम तयार गरिने डिजाइन म्यानुअल (Design Manual) सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।"

**(१०)** दफा ९ को उपदफा (१) को सट्टामा देहायको उपदफा (१) राखिएको छ।

"(१) दफा ४ को उपदफा (२) र (३) बमोजिमका निजी क्षेत्रले निर्माण गर्ने भवन संरचनाहरुको आवश्यक संरक्षण र सुरक्षा गर्ने कार्य तोकिएबमोजिम हुनेछ।"

**(११)** दफा १२ को,

(१) उपदफा (१) मा "………र सो को जानकारी तत्काल" भन्ने शब्दहरुपछि "मन्त्रालय वा" भन्ने शव्दहरु थपिएको छ।

(२) उपदफा (२) मा "………भवन निर्माण गरेमा" भन्ने शब्दहरु पछि "मन्त्रालय वा" भन्ने शब्द थप गरिएको छ।

(३) मूल ऐनको दफा १२ को उपदफा (२) मा "………अधिकारीले त्यस्तो भवन वा त्यसको कुनै भाग" भन्ने शब्दहरु पछि "प्रबलीकरण वा अन्य विधिबाट मापदण्ड बमोजिम परिमार्जन गर्न वा" भन्ने शब्दहरु राखिएका छन्।

(४) उपदफा (४) को खण्ड (क) को सट्टामा देहायको खण्ड (क) राखिएको छः

"(क) भवन वा संरचनाहरुले निर्धारण गरेको भारवहन गर्न नसकी वा आवश्यक गुणस्तर नभई वा स्वीकृत प्रयोजन भन्दा फरक प्रयोजनमा उपभोग गरेको कारणले उक्त भवन वा संरचनाको तोकिएको आयु अगावै दुर्घटना भई जनधनको क्षति भएमा भवन वा संरचना निर्माण गर्ने व्यक्ति

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

वा संस्थाले दफा १२ को उपदफा (४) को खण्ड (ग) बमोजिम क्षतिपुर्ति दिनुपर्नेछ।

तर प्राकृतिक प्रकोप (भूकम्प, बाढी, पहिरो, आगलागी, चट्याङ) का कारण भवन वा संरचनाको क्षति भएको अवस्थामा माथि उल्लेखित क्षतिपूर्तिको प्रावधान लागू हुने छैन।"

(५) उपदफा (४) को खण्ड (ग) को सट्टामा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) कुनै भवन वा संरचना दफा १२ को उपदफा (४) को खण्ड (क) बमोजिमको अवस्था सिर्जना भई कसैको मृत्यु भएमा पाँच लाख क्षतिपुर्ति र घाइते भएमा उपचार खर्च स्थानीय तहले सम्बन्धित घरधनी वा सञ्चालकबाट भराउनु पर्नेछ।"

(६) उपदफा (५) झिकिएको छ।

**(१२)** दफा १४ को सट्टामा देहायको दफा १४ राखिएको छः-

"१४. <u>भवन निर्माण व्यवस्था सुदृढीकरण तथा व्यवस्थापन समितिः</u> (१) भवन निर्माण तथा व्यवस्थापनका सम्बन्धमा प्रदेश र स्थानीय तह एवं प्रदेश र संघबीच समन्वय र सहकार्य गर्न तथा भवन निर्माण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन देहाय बमोजिम भवन निर्माण व्यवस्था सुदृढीकरण तथा व्यवस्थापन समिति गठन गरिनेछ।

(क) मन्त्री, मन्त्रालय - अध्यक्ष

(ख) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) प्रदेश सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(घ) नगरपालिका महासंघ, कोशी प्रदेश प्रतिनिधि - सदस्य

(ङ) गाउँपालिका महासंघ, कोशी प्रदेश प्रतिनिधि - सदस्य

(च) निर्माण व्यवसायी महासंघ, कोशी प्रदेश प्रतिनिधि - सदस्य

(छ) समितिले तोकेका एक जना महिला सहित विषय विज्ञ दुई जना - सदस्य

(ज) सचिव, मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफै तयार गर्नेछ।

(३) उपदफा (१) बमोजिम गठित समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस ऐन बमोजिम भवन संहिता स्वीकृत गर्ने,

(ख) भवन संरचना निर्माण सम्बन्धी समस्या वा विवाद उत्पन्न भएमा त्यस्तो समस्या वा विवादका सम्बन्धमा आवश्यक निर्णय गर्ने वा निर्देशन दिने,

(ग) प्रदेश सरकारलाई भवन संरचना निर्माण सम्बन्धमा आवश्यक नीतिगत सुझाव दिने,

(घ) तोकिए बमोजिमका अन्य काम गर्ने।"

(१३) दफा १५ को उपदफा (५) को सट्टामा देहायको उपदफा (५) राखिएको छः-

"(५) उपदफा (४) बमोजिम जानकारी दिए पनि त्यसरी भवन संरचना भत्काउँदा संभव भएसम्म स्थानीय तहको कम्तीमा एक जना आधिकारिक प्रतिनिधि र अन्य दुई जना स्थानीय बासिन्दालाई रोहवरमा राख्नुपर्नेछ।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

६. **सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ मा संशोधनः** सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ को,-

(१) दफा २ को खण्ड (ञ) पछि देहायको खण्ड (ट), (ठ) र (ड) थपिएको छः-

"(ट) **"सम्झौता"** भन्नाले दफा ३ अनुसार परियोजना कार्यान्वयन गर्न बिकासकर्तासँग गरिने परियोजना बिकास सम्झौता, परियोजना लगानी सम्झौता वा यस ऐन बमोजिमका लगानीकर्ता तथा साझेदार वा सम्बन्धित निकाय बीचमा परियोजना सम्बन्धमा सम्पन्न द्विपक्षीय वा बहुपक्षीय सम्झौता समेतलाई सम्झनु पर्छ।

(ठ) **"सम्भाव्यता अध्ययन"** भन्नाले परियोजना बिकासकर्ताले परियोजनाका सम्बन्धमा तयार गरेको प्रारम्भिक वा बिस्तृत सम्भाव्यता अध्ययन प्रतिबेदन वा बिस्तृत परियोजना प्रतिबेदन वा यस ऐन बमोजिमका अध्ययन प्रतिबेदन समेतलाई सम्झनु पर्छ।

(ड) **"विकासकर्ता"** भन्नाले यस ऐन बमोजिमका परियोजनामा हुने स्वदेशी तथा विदेशी आर्थिक लगानी गर्ने लगानीकर्तालाई सम्झनु पर्छ।"

(२) दफा ४ को,-

(१) उपदफा (१) को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-

"(ञ) प्रदेश सरकारका प्रमुख सचिव - सदस्य"

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) को खण्ड (ठ) बमोजिमको प्रमुख कार्यकारी निर्देशकको पद रिक्त रहेको अवस्थामा यस ऐन बमोजिम कार्यकारी निर्देशकको नियुक्ति नहुँदासम्म प्रदेश सरकारले तोकेको प्रदेश सरकारको मन्त्रालयको सचिवले कार्यकारी निर्देशकको रुपमा काम गर्नेछ।"

(३) दफा ९ को उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-

"(३क) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) बमोजिम नियुक्त प्रमुख कार्यकारी निर्देशकको कार्यसम्पादन मूल्याङ्कनको आधारमा निजको कार्य सन्तोषजनक भएमा प्रदेश सरकारले निजलाई थप एक कार्यकालका लागि पुनः नियुक्ति गर्न सक्नेछ।"

(४) दफा १३ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) कुनै परियोजनाको कामको सम्बन्धमा आवश्यक विशेषज्ञ वा विषयगत विज्ञ वा विषयगत दक्षता भएको जनशक्तिको आवश्यकता भएमा प्राधिकरणले प्रचलित कानून बमोजिम परामर्श सेवा वा करार सेवा मार्फत् नियुक्त गरी कार्य सम्पादन गर्न सक्नेछ।"

(५) दफा १८ को उपदफा (१) को खण्ड (ढ) पछि देहायको खण्ड (ढ१), (ढ२) र (ढ३) राखिएको छः-

"(ढ१) पोड वे, स्काई रेल, स्काई ट्रली वस वा अन्य यस्तै प्रकारका आधुनिक सवारी साधन सञ्चालन सम्बन्धी वा बिधुतिय वा जैविक वा ग्याँस वा हाईड्रोजन उर्जाले सञ्चालन हुने यातायात साधन निर्माण प्लाण्ट,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ढ२) डाटा सेन्टर स्थापना वा सुचना प्रबिधि सम्बन्धी परियोजना,

(ढ३) कृषि वा बनजन्य उत्पादन वा प्रशोधन लगायतका संचालन सम्बन्धी परियोजना,"

(६) दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छः-

"१९. <u>सार्वजनिक निजी साझेदारी (पिपिपि), निजी तथा सहकारी अवधारणाका परियोजनाको कार्यान्वयनः</u> (१) प्रदेश सरकारको क्षेत्राधिकारभित्र पर्ने तथा प्रदेश स्तरमा बिकास गरिने सार्वजनिक निजी साझेदारी (पिपिपि), निजी तथा सहकारी अवधारणाका परियोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन तथा सम्भाव्यता अध्ययनको कार्य प्राधिकरणले गर्नेछ र त्यस्ता परियोजनाको प्रस्ताव आव्हानको माध्यमबाट प्रतिस्पर्धाका आधारमा बिकासकर्ता छनोट गरि यस ऐन तथा नियमावलीका व्यवस्था अनुसार कार्यान्वयन गरिनेछ।

(२) कुनै पनि सार्वजनिक निकायले पहिचान तथा सूची स्वीकृत नगरेका सार्वजनिक निजी साझेदारी (पिपिपि), तथा निजी अवधारणाका कुनै परियोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन तथा सम्भाव्यता अध्ययनको कार्य गरी परियोजना बिकास गर्न चाहाने बिकासकर्ताले आव्हान नगरिएका प्रस्तावका रुपमा त्यस्तो बिकासकर्ता स्वयंले तोकिए बमोजिमको दस्तुर तथा शर्त र ढाँचामा प्राधिकरणमा निबेदन दिन सक्नेछ र त्यस्तो परियोजनाको कार्यान्वयन प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ।

(३) तोकिए बमोजिम लागत अनुमान भएका सार्वजनिक निजी सहकारी साझेदारीमा निर्माण वा विकास गरिने परियोजनाको वा तोकिए बमोजिम क्षमताका

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

जलविद्युत आयोजनाको पहिचान, छनौट, अध्ययन, स्वीकृति, अनुमति तथा कार्यान्वयन वा इजाजत प्रदान गर्नुका साथै परियोजनाको लागि सूचना निकाल्ने, प्रतिस्पर्धा गराउने, वार्ता वा सम्झौता गर्ने, अनुगमन तथा सहजिकरण गर्ने कार्य प्रदेश मन्त्रालय वा मन्त्रालयले तोकेको प्रदेश सरकार अन्तर्गतको निकाय वा कार्यालयबाट हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि तोकिए बमोजिम भन्दा कम लागत भएका परियोजना तथा तोकिए बमोजिम भन्दा कम क्षमता भएका जलविद्युत् आयोजनाको पहिचान गरी सुचिकृत गरेको परियोजनालाई प्रदेश सरकारको मन्त्रालय निकाय वा कार्यालयले आपसी समझदारी पत्र तयार गरी परियोजनाको अध्ययन, अनुमति तथा कार्यान्वयन इजाजत प्रदान गर्नुको साथै कार्यान्वयनका लागि प्रतिस्पर्धा गराउने, वार्ता वा सम्झौता गर्ने, अनुगमन सहजीकरण गर्ने कुनै पनि निकाय वा यस ऐन बमोजिमको प्राधिकरणलाई अख्तियारी दिन वा जिम्मेवारी प्रदान गर्न सक्नेछ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशस्तरिय स्थानिय निकायले त्यस्तो निकायको क्षेत्रभित्र पर्ने कुनै परियोजना बिकास गर्न स्थानिय निकायले निर्णय गरि कार्यालयमा पठाएमा त्यस्तो परियोजना यस ऐन बमोजिम कार्यान्वयनका लागि प्राधिकरणले निर्णय गर्न सक्नेछ।"

(७) दफा २० को सट्टा देहायको दफा २० राखिएको छः-

"२०. <u>वार्ताद्वारा परियोजना कार्यान्वयन सम्बन्धी व्यवस्थाः</u> यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका

कुनै परिययोजनाको विस्तृत सम्भाव्यता अध्ययनको कार्य गराई परियोजनाको कार्यान्वयन गर्न ईच्छुक बिकासकर्ताबाट गर्न सकिनेछः-

(क) प्रस्ताव आव्हान गरिएकोमा बिकासकर्ता छनोट हुन नसकेको वा,

(ख) प्रदेश सरकारले प्राथमिकतामा राखेको वा,

(ग) प्रदेश योजना आयोगले प्राथमिकतामा राखेको वा,

(घ) प्रदेश सरकारको निति तथा कार्यक्रममा परेको वा,

(ङ) बिकासकर्ताले प्रारम्भिक अध्ययन गरी सम्पूर्ण खर्च आफैं व्यहोर्ने शर्तमा विस्तृत सम्भाव्यता अध्ययन गर्न ईच्छुक भई प्राधिकरण समक्ष निबेदन दिएको परियोजना वा,

(च) कुनै कारणबाट वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न उपयुक्त देखि प्राधिकरणको सिफारिसमा प्रदेश सरकारले निर्णय गरेको ।"

(८) दफा ३० मा भएको व्यवस्थालाई उपदफा (१) कायम गरी देहायको उपदफा (२) थपिएको छः-

"(२) परियोजना कार्यान्वयनका लागि सम्झौता गर्दा सम्झौता अनुसार परियोजना सञ्चालनका लागि प्रचलित कानून अनुसार सञ्चालन अनुमतिपत्र वा कन्सेसन अवधि विकासकर्तालाई प्रदान गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

तर यस्तो अनुमति अवधि सम्झौता अवधि भन्दा बढि हुन सक्ने छैन्।"

(९) दफा ३१ को उपदफा (१) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छः-

"(ङ) प्राधिकरणले तोकेको अन्य प्रकृया।"

(१०) मूल ऐनको दफा ३९ पछि देहायका दफा ३९क र ३९ख थपिएको छः-

"३९क. जग्गा व्यवस्थापनः (१) बिकासकर्ताले परियोजनाका लागि आवश्यक जग्गाको ब्यवस्थापन आफैं गर्नुपर्नेछ।

(२) प्राधिकरणबाट सहजिकरण गरिने वा गरिएका परियोजनाका लागि आवश्यक जग्गा व्यवस्थापन प्रचलित कानून बमोजिम हुनेछ।

३९ख. सम्भाव्यता न्यून परिपूरक कोष (भायविलिटी ग्याप फण्डिङ्ग) को व्यवस्थाः (१) प्रदेश सरकारले दिर्घकालिन रुपमा सकारात्मक प्रतिफल दिने तथा पूर्वाधार संरचनाको दृष्टिकोणले महत्वपूर्ण देखिएको तर वित्तिय रुपमा तत्काल मनासिब प्रतिफल दिन नसक्ने परियोजनाको निर्माण, सञ्चालन तथा विस्तार गर्ने बिकासकर्तालाई सहयोग उपलब्ध गराउने प्रयोजनका लागि प्राधिकरणमा एक सम्भाव्यता न्यून परिपूरक (भायविलिटी ग्याप) कोषको स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था निर्देशिकामा तोकिए बमोजिम हुनेछ।"

७. कोशी प्रदेश जनस्वास्थ्य ऐन, २०७७ मा संशोधनः कोशी प्रदेश जनस्वास्थ्य ऐन, २०७७ को,-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(१) दफा ३१ को उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) राखिएको छः-

"(१) सरकारी अस्पतालको सञ्चालन र व्यवस्थापन गर्न देहाय बमोजिम एक अस्पताल व्यवस्थापन समितिको गठन हुनेछः

| | | |
|---|---|---|
| (क) | प्रदेश सरकारले मनोनयन गरेको व्यक्ति | -अध्यक्ष |
| (ख) | सम्बन्धित स्थानीय तहको प्रमुख | -सदस्य |
| (ग) | प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत प्रतिनिधि | -सदस्य |
| (घ) | जिल्ला समन्वय समितिका प्रमुखले तोकेको जिल्ला सभाका सदस्य | -सदस्य |
| (ङ) | स्वास्थ्य कार्यालयको सम्बन्धित जिल्लाको प्रमुख | -सदस्य |
| (च) | स्थानीय समाजसेवीमध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा एक महिला सहित तीन जना | -सदस्य |
| (छ) | सम्बन्धित अस्पतालको प्रमुख | -सदस्य सचिव |

(२) उपदफा (१) को खण्ड (क) र (च) बमोजिमका अध्यक्ष तथा सदस्यको पदावधि दुई वर्ष हुनेछ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थप गरिएको छः-

"(१क) उपदफा (१) बमोजिम अस्पताल व्यवस्थापन समितिमा मनोनीत गर्दा अध्यक्षको हकमा मान्यता प्राप्त

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

विश्वविद्यालयबाट स्नातक तह उतिर्ण गरेको तथा सदस्यको हकमा माध्यमिक तह (एस.एल.सि. वा सो सरह) उत्तिर्ण गरेको व्यक्तिबाट गर्नुपर्नेछ।“

८. <u>कोशी प्रदेश प्रदेश वन ऐन, २०७७ मा संशोधन :</u>कोशी प्रदेश वन ऐन, २०७७ को,--

**(१)** दफा २ को खण्ड (क), (ख) र (फ) को सट्टा देहायका खण्ड (क), (ख) र (फ) राखिएका छन्,-

"(क) **"आखेटोपहार"** भन्नाले वन्यजन्तुको जीवित वा मृत शरीर वा पहिचान गर्न सकिने अवस्थामा रहेको तिनीहरुको शरीरको कुनै अङ्ग सम्झनुपर्छ र सो शब्दले वन्यजन्तुको शरीरको कुनै पदार्थ वा त्यस्तो पदार्थको सम्मिश्रणबाट तयार भएको कुनै वस्तुलाई समेत जनाउँछ।"

"(ख) **"उपभोक्ता समूह"** भन्नाले वनको संरक्षण, संवर्द्धन, व्यवस्थापन तथा सदुपयोग गर्न दफा ३८ बमोजिम गठन भएको उपभोक्ता समूह सम्झनुपर्छ ।"

"(फ) **"प्रदेश भित्रको राष्ट्रिय वन"** भन्नाले अन्तरप्रादेशिक वनभन्दा पृथक रुपमा रहेको प्रदेश भित्रको राष्ट्रिय वन सम्झनुपर्छ ।"

**(२)** दफा २ को खण्ड (ह) पछि देहायको खण्ड (ह१) थप गरिएको छः-

"(ह१) **"विशेष वनक्षेत्र"** भन्नालेपरम्परागत रुपमा वनको प्रयोग गर्दै आएका उपभोक्ताहरुको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्दै उपभोक्ताहरुबाटै व्यवस्थापन गर्ने गरी प्रदेश सरकारले घोषणा गरेको परिच्छेद ४क. बमोजिम व्यवस्थापन गरिने विशेष महत्वको वनक्षेत्र सम्झनुपर्छ।"



आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

**(३)** दफा २ को खण्ड (श) मा रहेको ",कबुलियती वन" भन्ने शब्दहरु पछि "विशेष वनक्षेत्र भन्ने शब्दहरु थपिएका छन्।

**(४)** दफा १० को,-

**(१)** उपदफा (२) मा रहेको "क्षेत्र" भन्ने शब्द पछि "विशेष वनक्षेत्र," भन्ने शब्दहरु थप गरिएका छन्।

**(२)** उपदफा (४) मा रहेको "बमोजिम" भन्ने शब्द पछि रहेका "राष्ट्रिय तथा प्रादेशिक" भन्ने शब्दहरुको सट्टा "प्रदेश भित्रको राष्ट्रिय" भन्ने शब्दहरु र"प्रादेशिक वनको रणनीतिक योजना" भन्ने शब्दहरुको सट्टा "प्रदेश भित्रको राष्ट्रिय वनको आवधिक योजना सहितको रणनीतिक योजना" भन्ने शब्दहरु राखिएका छन् ।"

**(३)** उपदफा (४) पछि देहायको उपदफा (४क) थप गरिएको छः-

"(४क)यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनिउपदफा (४) बमोजिम डिभिजनल वन अधिकृतले पेश गरेको आफ्नो क्षेत्रको प्रदेशभित्रको राष्ट्रिय वनको आवधिक योजना सहितको रणनीतिक योजना निर्देशनालयको सिफारिसमा मन्त्रालयले स्वीकृत गर्न सक्नेछ ।

तर, नेपाल सरकार वा प्रदेश सरकारले रणनीतिक योजना जारी गरे पश्चात सम्वन्धित डिभिजन वन कार्यालयको आवधिक योजना सहितको रणनीतिक योजनामा समावेश गरिएका विषयवस्तु बाझिएमा नेपाल सरकार वा प्रदेश सरकारले जारी गरेको रणनीतिक योजना बमोजिम हुने गरी संशोधन गर्नु पर्नेछ।"

**(५)** दफा १४ को,-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम स्थापना हुने जडीबुटी अनुसन्धान केन्द्र वा वनस्पति उद्यानको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (१) बमोजिम स्थापना हुने जडीबुटी अनुसन्धान केन्द्र वा वनस्पति उद्यानको संचालन तथा व्यवस्थापन तोकिए बमोजिम सम्वन्धित निकाय वा सार्वजनिक निजी साझेदारीमा सञ्चालन गर्न सकिनेछ।"

(३) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) उपदफा (१) बमोजिम स्थापना भएको जडीबुटी अनुसन्धान केन्द्र वा वनस्पति उद्यानको जानकारी नेपाल सरकार तथा सम्वन्धित स्थानीय तहलाई गराउनु पर्नेछ।"

**(६)** दफा १७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ।

"(१) कुनै पनि स्थानमा सुकेका, हाँगा भाँचिएका, कुनै एकतर्फ नुहिएर रहेका, जरा नाङ्गो भइसकेका, सडक किनारका ठूला प्रजातिका ठूला रुख वा अन्य यस्तै प्रकृतिका रुख नहटाए मानवीय तथा भौतिक संरचनामा क्षति पुग्ने अवस्था भएमा वा त्यस्ता रुखले विद्युत, टेलिफोन, इन्टरनेटलाई क्षति पुऱ्याउन सक्ने भएमा मन्त्रालयको स्वीकृत लिई तोकिए बमोजिम डिभिजनल वन अधिकृतले हटाउन आदेश दिन सक्नेछ।“



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

**(७)** दफा १८ को उपदफा (२) पछि देहायको उपदफा (२क) थप गरिएको छः-

"(२क) उपदफा (२)मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारद्वारा व्यवस्थित वनको वन व्यवस्थापन कार्ययोजना दफा १० को उपदफा (४) बमोजिम पेश गरिने आवधिक योजना सहितको रणनीतिक योजनामा रहने गरी समावेश गर्न सकिनेछ।"

**(८)** ऐनको "परिच्छेद ४" पछि देहायको "परिच्छेद ४क." थप गरिएको छः-

**"परिच्छेद-४क.**

**<u>विशेष वनक्षेत्र सम्बन्धी व्यवस्था</u>**

**१९क. <u>विशेष वनक्षेत्रको घोषणाः</u>**(१) प्रदेश सरकारले मन्त्रालयको सिफारिसमा देहायका विशेषता भएको राष्ट्रिय वनको कुनै भागलाई विशेष वनक्षेत्रको रुपमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी घोषणा गर्न सक्नेछः-

(क) वातावरणीय तथा पारिस्थितिकीय महत्त्वको क्षेत्र,

(ख) ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक महत्त्वको क्षेत्र,

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वको सिमसार सहितको पानीमुहान तथा संवेदनशील जलाधार क्षेत्र,

(घ) दुर्लभ तथा लोपोन्मुख अवस्थामा रहेका वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण र

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

व्यवस्थापन गर्न आवश्यक रहेको क्षेत्र,

(ङ) पर्यापर्यटकीय महत्त्वको क्षेत्र,

(च) परम्परादेखि खर्क वा चरनको रुपमा प्रयोग भएको क्षेत्र,

(छ) अध्ययन र अनुसन्धानका लागि महत्त्वको क्षेत्र।

(२) विशेष वनक्षेत्र घोषणाका लागि सिफारिस गर्दा मन्त्रालयले त्यस्तो क्षेत्र उपभोक्ता समूहबाट व्यवस्थित वनको रुपमा हस्तान्तरण भइसकेको रहेछ भने सम्बन्धित स्थानीय तह र उपभोक्ता समूहको परामर्श गर्नु पर्नेछ।

१९ख. <u>विशेष वनक्षेत्र व्यवस्थापन परिषद्को गठनः</u> (१) विशेष वनक्षेत्रको व्यवस्थापनका लागि देहाय बमोजिमको विशेष वनक्षेत्र व्यवस्थापन परिषद् रहनेछः-

(क) प्रदेश सरकारले तोकेको पर्यटन, वन, बातावरण तथा जलाधारसँग सम्बन्धित विषय विज्ञ - संयोजक

(ख) विशेष वनक्षेत्रभित्र पर्ने सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा अध्यक्षमध्ये प्रत्येक स्थानीय तहले तोकेको एक जना वडा अध्यक्ष - सदस्य

(ग) विशेष वनक्षेत्रभित्रका वन उपभोक्ता समूहका अध्यक्षहरु - सदस्य

(घ) वन संरक्षण र प्रवर्द्धन कार्यमा योगदान गर्ने व्यक्ति र सरोकारवाला संघ संस्थाको



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

प्रतिनिधित्व हुने गरी मन्त्रालयले तोकेको कम्तिमा दुईजना महिला सहित चार जना -सदस्य

(ङ) डिभिजन वन कार्यालयले तोकेको अधिकृत स्तरको कर्मचारी -सदस्य सचिव

(२) विशेष वन क्षेत्रमा एक भन्दा बढी डिभिजन वन कार्यालयको कार्यक्षेत्र पर्ने भएमा निर्देशनालयले तोकेको अधिकृतस्तरको कर्मचारीले उपदफा (१) बमोजिमको परिषद्को सदस्य सचिवको काम गर्नेछ।

**१९ग.** **<u>विशेष वनक्षेत्रको कोषः</u>** (१) विशेष वन क्षेत्रको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) वन पैदावार बिक्री वितरणबाट प्राप्त हुने रकम

(ख) संघ, प्रदेश तथा स्थानीय सरकारबाट प्राप्त हुने रकम

(ग) स्वदेशी तथा विदेशी राष्ट्र, संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम

(घ) प्रचलित कानून बमोजिमको अन्य स्रोतबाट प्राप्त रकम

तर खण्ड (ग) बमोजिम विदेशी स्रोतबाट सहयोग प्राप्त गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

**१९घ.** **<u>विशेष वनक्षेत्रको व्यवस्थापनः</u>** (१) दफा १९क. बमोजिम घोषणा भएको विशेष वनक्षेत्रको व्यवस्थापनका लागि मन्त्रालयले देहाय बमोजिमका विषयहरु समावेश गरी छुट्टै कार्यविधि बनाई लागू गर्नु पर्नेछः



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(क) विशेष वनक्षेत्रको कार्ययोजनाको तयारी तथा स्वीकृति सम्बन्धी व्यवस्था,

(ख) एक भन्दा बढी डिभिजन वन कार्यालयको कार्य क्षेत्रमा परेको विशेष वनक्षेत्र भएमा सोको व्यवस्थापनको विषय,

(ग) कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था,

(घ) परिषद्को काम, कर्तव्य र अधिकार

(ङ) विशेष वन क्षेत्रमा रहेका वन पैदावारहरूको सदुपयोग र बिक्री वितरण तथा वातावरणीय सेवाहरूको शुल्क र बाँडफाँट सम्बन्धी विषय,

(च) आवश्यकता अनुसारका अन्य विषयहरु।"

(९) दफा ६३ को,-

(१) उपदफा (१), (२) र (३) को सट्टा देहायका उपदफा (१), (२) र (३) राखिएको छः-

"(१) वनक्षेत्रभित्र नदी, खोला खोल्सी वा खहरेबाट निस्कने नदीजन्य पदार्थ थुप्रिन गई वन क्षेत्र, वातावरण, बस्ती, खेतीपाती तथा भौतिक संरचनामा नकारात्मक प्रभाव पार्ने अवस्था पहिचान भएमा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराइ उक्त प्रतिवेदनले औंल्याएका सुझाव कार्यान्वयन हुने गरी डिभिजन वन कार्यालयले सम्बन्धित स्थानीय तहको समन्वयमा नदीजन्य पदार्थको सङ्कलन, व्यवस्थापन र बिक्री वितरण गर्न सक्नेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(२) उपदफा (१) बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयले तयार गरेको वातावरणीय अध्ययन प्रतिवेदन मन्त्रालयले स्वीकृत गर्नेछ ।

(३) यस दफाको प्रयोजनका लागि प्रत्येक आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्रमा सम्वन्धित डिभिजन वन कार्यालयले आफ्नो क्षेत्रको प्रदेश भित्रको राष्ट्रिय वन क्षेत्रबाट उत्खनन् गर्न सकिने नदीजन्य पदार्थको परिमाण यकिन गरी मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ। त्यसरी उत्खननका लागि परिमाण यकिन गर्दा नदीको दुवै तर्फ पच्चीस प्रतिशत भाग छोडी वीचको पचास प्रतिशत भागबाट संकलन गर्दा आउने परिमाणलाई लिनु पर्नेछ ।"

(२) उपदफा (४) मा रहेको "कार्यालय मार्फत" भन्ने शब्दहरुको सट्टा "कार्यालयले" भन्ने शब्द राखिएको छ ।

(१०) दफा ६५ को,-

(१) उपदफा (१) मा रहेको "निकायले" भन्ने शब्दको सट्टा "व्यापार वा व्यवसायजन्य" भन्ने शब्दहरु थप गरिएको छ ।"

(२) उपदफा (२) मा रहेको "हकमा" भन्ने शब्द पछि रहेका "ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्रमा" भन्ने शब्दहरुको सट्टा "तोकिएको समय भित्रमा" भन्ने शब्दहरु राखिएका छन् ।

(११) दफा ६७ को सट्टा देहायको दफा ६७ राखिएको छः-

"६७. <u>वनक्षेत्रभित्र फोहोर फाल्न प्रतिवन्धः</u>वन क्षेत्रभित्र कसैले पनि प्लाष्टिकजन्य फोहोर वा अन्य कुनै प्रकारको फोहोर



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

फाल्न वा विसर्जन गर्न हुँदैन। फोहोर फाल्ने वा विसर्जन गर्ने कार्य गरे गराएमा प्रचलित कानून बमोजिम कसूर गरेको मानिने छ।"

(१२) ऐनको "परिच्छेद १६" को सट्टा देहायको "परिच्छेद १६" राखिएको छः-

"परिच्छेद-१६

कसूर र सजाय तथा कसूरको जाँचबुझ कार्यविधि सम्बन्धी व्यवस्था

६८. कसूरः(१) कसैले संघीय वन ऐनमा तोकिएको कसूर गरेमा सोही ऐनमा भएको व्यवस्था बमोजिम सजाय हुनेछ ।

(२) उपदफा (१) का अतिरिक्त कसैले यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक देहायका कार्य गरे वा गराएमा वा सोको उद्योग गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछः

(क) ऐनको दफा १२ विपरितको कार्य गरेमा,

(ख) पर्यापर्यटनको कार्यक्रम संचालन गर्दा वा मन्त्रालयको स्वीकृति लिई वन क्षेत्रमा अध्ययन अनुसन्धान गर्दा प्राकृतिक स्वरुप, रुख विरुवा र वन्यजन्तुलाई प्रतिकूल प्रभाव पारेमा,

(ग) साझेदारीमा जडीबुटी खेती गर्दा सम्झौतामा उल्लेख गरे बमोजिमको रुख रोप्ने र हुर्काउने कार्य नगरेमा,



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(घ) कुनै धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पिएको धार्मिक वन वा वनको कुनै भाग पुनः अर्को धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पिएमा,

(ङ) उपभोक्ता समूहले तोकिएको अवधिमा बार्षिक प्रतिवेदन सम्वन्धित निकायलाई नबुझाएमा,

(च) अधिकार प्राप्त अधिकारीको अनुमति नलिई चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गरेमा,

(छ) मन्त्रालयको अनुमति नलिई कुनै पनि विदेशी नागरिकले वन क्षेत्रलाई अध्ययन अनुसन्धानको लागि प्रयोग गरेमा,

(ज) निर्देशनालयको स्वीकृति नलिई वनक्षेत्रभित्र प्रचारप्रसार सामग्रीको प्रयोग गरेमा,

(झ) वनक्षेत्रभित्र तोकिए भन्दा बढी गतिमा सवारी साधन चलाएमा,

(ञ) संघीय वन ऐन र सो अन्तर्गत बन्ने नियममा तोकिए बाहेक यस ऐन र यस ऐन अन्तर्गत बनेका नियमको विपरित अन्य कुनै कार्य गरेमा ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

६९. **सजायः** (१) दफा ६८ को उपदफा (२) बमोजिम तोकिएको कसूर पहिलो पटक गर्ने वा गराउनेलाई तत्काले देहाय बमोजिम सजाय हुनेछः

(क) दफा ६८ को खण्ड (क) र (ख) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई क्षति भएको विगो असूल गरी पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(ख) दफा ६८ को खण्ड (ग) र (घ) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई क्षति भएको विगो असूल गरी पन्ध्र हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(ग) दफा ६८ को खण्ड (ङ) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(घ) दफा ६८ को खण्ड (च) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई पच्चीस हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(ङ) दफा ६८ को खण्ड (छ) अन्तर्गतको कसूर गर्ने वा



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

गराउनेलाई पन्ध्र हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(च) दफा ६८ को खण्ड (ज) र (झ) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(छ) दफा ६८ को खण्ड (ञ) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई बिगो भए बिगो असूल गरी पाँच हजार रुपैयाँदेखि दस हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(२) दफा ६८ को उपदफा (२) बमोजिमको कसूर दोस्रो पटक गर्ने वा गराउनेलाई उपदफा (१) मा तोकिएको जरिवानाको दोब्बर जरिवाना र सोही कसूर पुनः दोहोऱ्याएमा हरेक पटकका लागि तेब्बर जरिवाना गरी बिगो भए बिगो समेत असूल उपर गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सजाय निर्देशक वा डिभिजनल वन अधिकृत वा निजले अख्तियारी दिएको वन अधिकृतले गर्नेछ ।

(४) यस दफा बमोजिम गरिएको जरिवाना वापतको रकम सम्बन्धित डिभिजन वन कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

७०. **<u>कसूरको जाँचबुझ र कार्यविधिः</u>**(१) दफा ६८ को उपदफा (१) बमोजिम हुने कसूरको जाँचबुझ, अनुसन्धान, तहकिकात, अभियोजन र सो सम्वन्धी कार्यविधि संघीय वन ऐन र प्रचलित कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक बर्षसम्म कैद सजाय हुने कसूर सम्वन्धी मुद्दाको जाँचबुझ, अनुसन्धान तथा तहकिकात प्रदेश सरकारको वन सेवामा कार्यरत डिभिजनल वन अधिकृतभन्दा एक तह मुनीको कर्मचारीदेखि कम्तीमा पाँचौ तहको कर्मचारी सम्मले गर्नेछ र त्यस्तो अधिकृत सम्वन्धित जिल्लाको डिभिजनल वन अधिकृतले तोक्नेछ।

७१. **<u>मुद्दा हेर्ने अधिकारीः</u>**दफा ६८ को उपदफा (१) बमोजिम एक लाख रुपैयाँसम्म जरिवाना हुने मुद्दाको कारवाही र किनारा प्रदेश निजामती सेवाको डिभिजनल वन अधिकृतले गर्नेछ ।

७२. **<u>पुनरावेदन सम्वन्धी व्यवस्थाः</u>**(१) दफा ६९ को उपदफा (३) र दफा ७१ बमोजिमको अधिकारीले गरेको सजाय उपर चित्त नबुझ्ने पक्षले सजाय गरेको मितिले पैतीस दिनभित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन परेमा मुख्य न्यायाधिवक्ताको कार्यालयले आफै वा सम्बन्धित जिल्लाको जिल्ला सरकारी वकील कार्यालयसँग समन्वय

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

गरी प्रदेश सरकारको तर्फबाट प्रतिरक्षा गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

७३. <u>कानूनी राय सल्लाह लिन सक्ने</u>:(१) यो ऐन तथा यसऐन अन्तर्गत वनेको नियमावली बमोजिम गरिने काम कारवाहीका सम्वन्धमा निर्देशनालय र डिभिजन वन कार्यालयले मुख्य न्यायाधिवक्ताको कार्यालय वा सम्बन्धित जिल्लाको जिल्ला सरकारी वकील कार्यालयबाट आवश्यक परेका बखत कानूनी राय सल्लाह लिन सक्नेछ ।

(२) मुख्य न्यायाधिवक्ताको कार्यालयले सम्वन्धित जिल्लाको जिल्ला सरकारी वकील कार्यालयसँग यो ऐन र यस ऐन अन्तर्गत वनेको नियममा भएको व्यवस्थाको कार्यान्वयनको लागि आवश्यक समन्वय गर्नु पर्नेछ ।

७४. <u>जफत भएका वनस्पति तथा वनस्पति स्रोतको व्यवस्थापन</u>:प्रदेश सरकारले संघीय वन ऐन बमोजिमको कसूरमा जफत भएको कुनै वनस्पति तथा वनस्पति स्रोतलाई शैक्षिक तथा वैज्ञानिक अध्ययन, अनुसन्धान वा औषधीजन्य प्रयोग वा धार्मिक कार्यका लागि सार्वजनिक संस्था वा निकायलाई उपलब्ध गराउन वा नष्ट गर्न सक्नेछ ।"

(१३) दफा ८२ पछि देहायको दफा ८२क. थप गरिएको छः-

"८२क. <u>शुल्क तथा दस्तुर सम्बन्धी व्यवस्था</u>:यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यकता अनुसार शुल्क तथा दस्तुर तोक्न सक्नेछ।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(१४) ऐनको दफा ८८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिमको पोशाक (ड्रेस कोड) को व्यवस्थापनका लागि मन्त्रालयले आवश्यक रकम विनियोजन गर्नु पर्नेछ।"

(१५) ऐनको दफा ९२ को सट्टा देहायको दफा ९२ राखिएको छः-

"९२. <u>अधिकार प्रत्यायोजनः</u>यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आफू मातहतको कुनै निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सकिनेछ।

तर त्यसरी अधिकार प्रत्यायोजन गर्दा कम्तिमा सातौं तह वा सो भन्दा माथिल्लो

तहको वन सेवाको अधिकृतस्तरको कर्मचारीलाई मात्र अधिकार प्रत्यायोजन गर्नु पर्नेछ।"

(१६) <u>रुपान्तरः</u> मूल ऐनको ऐनको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर गरिएको छः-

(१) "प्रादेशिक वन" र "राष्ट्रिय तथा प्रादेशिक वन" भन्ने शब्दहरुको सट्टा "प्रदेश भित्रको राष्ट्रिय वन" ।

(२) "जडिबुटी" भन्ने शब्दको सट्टा "जडीबुटी" ।

(३) "सहायक वन अधिकृत" भन्ने शब्दहरुको सट्टा "वन अधिकृत" ।

(४) "अधिकृतस्तर वा अधिकृतस्तर छैटौं" भन्ने शब्दहरुको सट्टा "कम्तिमा अधिकृतस्तर सातौं" ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(५) "कोशी प्रदेश प्रदेश" भन्ने शब्दहरुको सट्टा "कोशी प्रदेश" ।

९. **<u>प्रदेश निजामती सेवा ऐन, २०७९ मा संशोधनः</u>** प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा २६ को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

१. **<u>प्रदेश निजामती सेवा ऐन, २०७९ मा संशोधनः</u>** प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा २६ को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) एक मन्त्रालय वा अन्तर्गतको कार्यालयको कर्मचारीलाई अर्को मन्त्रालयमा प्रमुख सचिवले सरुवा गर्नेछ ।"

प्रमाणीकरण मिति : २०८०।१०।०६

**आज्ञाले,**
**लक्ष्मी प्रसाद पौडेल**
**प्रदेश सचिव**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**